१५ औं गाउँसभा २०८१।०३।१०

नेपाल संवत ११४४ तछलागा ३ सोमवार

आज मिति २०८१ साल असार १० गतेका दिन नरहरिनाथ गाउँपालिकाका अध्यक्ष श्री नगेन्द्र बहादुर विष्टज्यूको अध्यक्षता तथा देहाय बमोजिमका गाउँसभा सदस्यहरुको उपस्थितिमा गाउँसभाको १५ औं गाउँसभा नरहरिनाथ गाउँपालिकाको कार्यालयमा बसी देहाय बमोजिम निर्णयहरु गरियो ।

समयः दिउसो१:०० वजे स्थानः नरहरिनाथ गाउँपालिका कार्यालय

**बैठक संख्या : १** <u>उपस्थिति</u>

| सि.नं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री नगेन्द्र बहादुर बिष्ट | गाउँसभा अध्यक्ष | |
| २. | श्री कमल कुमार शाह | गाउँपालिका उपाध्यक्ष | |
| ३. | श्री जगत बहादुर विष्ट | वडा अध्यक्ष १ सदस्य | |
| ४. | श्री प्रेम बहादुर विष्ट | वडा अध्यक्ष २ सदस्य | |
| ५. | श्री कटक बहादुर बुढा | वडा अध्यक्ष ३ सदस्य | |
| ६. | श्री नन्दराम सहकारी | वडा अध्यक्ष ४ सदस्य | |
| ७. | श्री मान बहादुर सहकारी | वडा अध्यक्ष ५ सदस्य | |
| ८. | श्री पौराम कामी | वडा अध्यक्ष ६ सदस्य | |
| ९. | श्री खाम्म बहादुर बटाला | वडा अध्यक्ष ७ सदस्य | |
| १०. | श्री लाल बहादुर विष्ट | वडा अध्यक्ष ८ सदस्य | |
| ११. | श्री प्रदीप बोहरा | वडा अध्यक्ष ९ सदस्य | |
| १२. | श्री अम्सरा बुढा | कार्यपालिका सदस्य | |
| १३. | श्री थुमा सहकारी(बुढा) | कार्यपालिका सदस्य | |
| १४. | श्री बन्दना देबी शाही | कार्यपालिका सदस्य | |
| १५. | श्री सुन्केशा सहकारी | कार्यपालिका सदस्य | |
| १६. | श्री करन नेपाली | कार्यपालिका सदस्य | |
| १७. | श्री जगत बहादुर दर्जि | कार्यपालिका सदस्य | |
| १८. | श्री मिठु देबी विष्ट | गाउँसभा सदस्य | |
| १९. | श्री रिठु वि.क. | गाउँसभा सदस्य | |
| २०. | श्री मान बहादुर विष्ट | गाउँसभा सदस्य | |
| २१. | श्री भिम विष्ट | गाउँसभा सदस्य | |
| २२. | श्री सविना दर्जि | गाउँसभा सदस्य | |

CamScanner

१५ औं गाउँसभा २०८१।०३।१०

नेपाल संवत ११४४ तछलागा ३ सोमवार

| | | | |
|---|---|---|---|
| २३. | श्री गदी दमाई | गाउँसभा सदस्य | |
| २४. | श्री पिथ महतारा | गाउँसभा सदस्य | |
| २५. | श्री मन्दिरे कामी | गाउँसभा सदस्य | |
| २६. | श्री मन्पुरा कामी | गाउँसभा सदस्य | |
| २७. | श्री राम बहादुर बुढा | गाउँसभा सदस्य | |
| २८. | श्री अम्बर विष्ट | गाउँसभा सदस्य | |
| २९. | श्री राजु दमाई | गाउँसभा सदस्य | |
| ३०. | श्री रमाने बुढा | गाउँसभा सदस्य | |
| ३१. | श्री नरेन्द्र कुमार सहकारी | गाउँसभा सदस्य | |
| ३२. | श्री गोर्ख बहादुर सहकारी | गाउँसभा सदस्य | |
| ३३. | श्री दिपेन्द्र बहादुर सहकारी | गाउँसभा सदस्य | |
| ३४. | श्री बिमला भण्डारी (बटाला) | गाउँसभा सदस्य | |
| ३५. | श्री मनपुरा वि.क. | गाउँसभा सदस्य | |
| ३६. | श्री कर बटाला | गाउँसभा सदस्य | |
| ३७. | श्री नरपति कामी | गाउँसभा सदस्य | |
| ३८. | श्री सरला वि.क. | गाउँसभा सदस्य | |
| ३९. | श्री रमेश बुढा | गाउँसभा सदस्य | |
| ४०. | श्री प्रेम बहादुर बुढा | गाउँसभा सदस्य | |
| ४१. | श्री मिना वि.क. | गाउँसभा सदस्य | |
| ४२. | श्री मिन बहादुर भण्डारी | गाउँसभा सदस्य | |
| ४३. | श्री जय बहादुर थापा | गाउँसभा सदस्य | |
| ४४. | श्री जया बोहरा | गाउँसभा सदस्य | |
| ४५. | श्री भरु दमाई | गाउँसभा सदस्य | |
| ४६. | श्री बल बहादुर बोहरा | गाउँसभा सदस्य | |
| ४७. | श्री दान बहादुर शाही | गाउँसभा सदस्य | |
| ४८. | श्री युवराज पौडेल | सदस्य सचिव | |

CamScanner

अनुसूची-१

(दफा १८ सँग सम्बन्धित)

## नरहरिनाथ गाउँपालिका

## १५ औं गाउँ सभा कार्यसूची र समय तालिका

बैठक संख्याः १ बैठक स्थानः गाउँपालिकाको सभाहल

अध्यक्षताः गाउँपालिका अध्यक्ष नगेन्द्र बहादुर बिष्ट उपाध्यक्षः कमल कुमार शाह सदस्य सचिवः युवराज पौडेल

| मिति | समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता |
|---|---|---|---|
| | | उपस्थिति रजिष्ट्रेशन | कर्मचारी प्रशासन/सभासचिवालय |
| | | सभाध्यक्ष ज्यूको आगमन | सबैजना उठेर सम्मान प्रकट |
| | | राष्ट्रिय गान | सभामा उपस्थित सबै |
| | | सहिदप्रतिको सम्मानका लागी मैनधारण | सभामा उपस्थित सबै |
| | | अधिवेशन सफलताको शुभकामना मन्तव्य | श्री |
| | | आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम | अध्यक्ष नगेन्द्र बहादुर बिष्ट |
| २०८१ साल असार १० गते | | यस अवधिमा कार्यपालिकाबाट भएका निर्णयहरु माथि छलफल | प्रवक्ता प्रदीप बोहोरा |
| | | चालु आ.ब. २०८०/०८१ को आय व्यय समिक्षा | अध्यक्ष/उपाध्यक्ष/प्र.प्र.अ. |
| | | आ.व.२०८१/०८२ को बजेट तथा बक्रव्य | उपाध्यक्ष कमल कुमार शाह |
| | | विनियोजन विधेयक २०८१ | अध्यक्ष नगेन्द्र बहादुर बिष्ट |
| | | आर्थिक विधेयक २०८१ | उपाध्यक्ष कमल कुमार शाह |
| | | आर्थिक विकास समितिको प्रतिवेदन | संयोजक पौराम कामी |
| | | सामाजिक विकास समितिको प्रतिवेदन | संयोजक जगत बहादुर बिष्ट |
| | | पूर्वाधार विकास समितिको प्रतिवेदन | संयोजक प्रेम बहादुर बिष्ट |
| | | वन वातावरण तथा विपद् व्यवस्थापन समिति प्रतिवेदन | संयोजक मान बहादुर सहकारी |
| २०८१ साल असार १० गते | | विधेयन समितिको प्रतिवेदन | संयोजक खाम्म बहादुर बटाला |
| | | सार्वजनिक सेवा, सुशासन तथा क्षमता विकास समिति | प्रदीप बोहोरा |
| | | सुशासन तथा स्थानीय सेवा समिति | संयोजक प्रदीप बोहोरा |
| | | कृषि,पर्यटन,पूर्वाधार तथा प्राकृतिक श्रोत समितिको प्रतिवेदन | संयोजक प्रेम बहादुर बिष्ट |
| | | न्यायीक समिति प्रतिवेदन | संयोजक कमल कुमार शाह |
| | | अनुगमन समिति प्रतिवेदन | संयोजक कमल कुमार शाह |
| | | विभिन्न ऐन,नियम तथा कार्यविधिहरु प्रस्तुत | संयोजक खाम्म बटाला |
| २०८१ साल असार १० गते | | प्रस्तुत नीति, कार्यक्रम तथा बजेट माथि दफावार छलफल प्रारम्भ | सभा सदस्य सबैजना |
| | | बेरुजु रकम समपरीक्षण सम्बन्धमा | संयोजक पौराम कामी |
| | | मध्यकालीन खर्च संरचान स्वीकत गर्ने सम्बन्धमा | अध्यक्ष/उपाध्यक्ष |
| | | नयाँ योजना माग सम्बन्धमा | |
| | | भुक्तानी दिन बाँकि योजनाहरुको सम्बन्धमा | |
| | | खुला पत्र | सभा सदस्य सबैजना हात उठाएर वा लिखित रुपमा |
| | | विविध तथा प्रासंङ्गिक सम्बन्धमा | |
| | | सभामा उठेका विषयबस्तुहरुको बुँदा टिपोट तथा निर्णय लेखा | टेक बहादुर महतारा |

CamScanner

बैठक संख्या १ मिति २०८१/०३/१०

## प्रस्तावहरु

१. आर्थिक ऐन २०८१ पारित गर्ने सम्बन्धमा ।
२. आ. व. २०८१/०८२ को नीति तथा कार्यक्रम अनुमोदन गर्ने सम्बन्धमा।
३. विनियोजन विधेयक पारित गर्ने सम्बन्धमा।
४. आर्थिक दायित्व सिर्जना गर्ने योजनाहरुको म्याद थप नगर्ने सम्बन्धमा।
५. प्रारम्भिक वातावरणीय प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा।
६. मिति २०८१/०१/१६ गते भेरिएसन अडर सम्बन्धी गाउँकार्यपालिकाले गरेको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।
७. नरहरिनाथ गाउँपालिकाको कृषि विकास योजना तर्जुमा रणनीति अनुमोदन गर्ने सम्बन्धमा।
८. बिबिध सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय नं १**

प्रस्ताव नं. १ माथी छलफल गर्दा मिति २०८० असार २ गते राजश्व परामर्श समितिको संयोजक तथा गाउँपालिका उपाध्यक्ष श्री कमल कुमार शाहको अध्यक्षतामा बसेको बैठकले आ.व. २०८१/०८२ राजस्व चुवाहट नियन्त्रण गरी राजस्व प्रशासनलाई चुस्त दुरुस्त बनाउँदै राजस्व अभिवृद्धिका लागि विभिन्न राजश्वका शिर्षकमा(कर र गैरकर) राजश्वका दर निर्धारण गरेकोमा मिति २०८१ असाढ १० बसेको गाउँसभामा पेश गरेकोमा सर्वसम्मत रुपमा अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं २**

प्रस्ताव नं. २ माथी छलफल गर्दा आ. व. २०८१/०८२ को लागि नरहरिनाथ गाउँपालिकाले अवलम्बन गर्ने नीति तथा कार्यक्रम यहि मिति २०८१ असाढ १० गते बसेको गाउँसभामा गाउँपालिका अध्यक्ष श्री नगेन्द्र बहादुर बिष्टले पेश गर्नुभएको नीति तथा कार्यक्रम उपर छलफल पश्चात आएका सुझावहरु समेत समेटी अनुमोदनका लागि पेश भएकोमा सर्वसम्मत अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं ३**

प्रस्ताव नं ३ माथी छलफल गर्दा यस नरहरिनाथ गाउँपालिकाको आ. व. २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्न विनियोजन गर्ने सम्बन्धमा बनेको

विनियोजन विधेयक २०८१ यहि मिति २०८१ अशाढ १० गते बसेको गाउँसभाको बैठकबाट सर्वसम्मत अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा नरहरिनाथ गाउँपालिका आ. व. २०८०/०८१ मिती २०८०/०६/२४ गते खुलालु लालु मालकोट रुप्सा चुना सम्म सडक निर्माण योजना (ठेक्का नं NNRM/KLMRCEW/NCB/02/2080/081) लागि मिति २०८०/०९/२१ गतेभित्र कार्यसम्पन्न गर्ने गरि ठेक्का सम्झौता भएकोमा प्रथम पटक म्याद थप पश्चात पनि समयमै कार्यसम्पन्न नगरी गाउँपालिकाको सडक निर्माण कार्यलाई अलपत्र पारि यस गाउँपालिकाको समग्र आर्थिक तथा भौतिक प्रगतिमा हानी पुर्याएको हुँदा सार्वजनिक खरिद ऐन- २०६३ र नियमावली - २०६४ मा उल्लिखित व्यवस्थामा रहि कारवाही प्रकृया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो। ठेक्का सम्झौता भई कार्य सम्पन्न गर्न नसक्ने निर्माण व्यवसाहीहरुले म्याद थपका लागि गाउँपालिका समक्ष निवेदन पेश गरेकोमा गाउँसभामा छलफल पश्चात आगामी आ. व. २०८१/०८२ मा आर्थिक दायित्व सिर्जना हुने योजनाहरुको हकमा म्याद थप नगर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा नरहरिनाथ गाउँपालिका अर्न्तगत लालिघाट नदिकिनारमा अवस्थित नदिजन्य पदार्थको अव्यवस्थित दोहोन रोक्दै वातावरण संरक्षण तथा नदिजन्य पदार्थको वैज्ञानीक उत्खनन् माध्यमबाट स्थानीय राजस्व अभिबृद्धि गर्ने उदेश्यका साथ गाउँपालिका र आईफिल इन्जिनियरिङ्ग कन्सलटेन्सी प्रा. लि. सुर्यविनायक, ०५ भक्तपुर बीच भएको परामर्श सम्झौता भएको हो र पश्चातका सम्पूर्ण चरणहरु पार गरी यस गाउँकार्यपालिकाको बैठकमा प्रस्तुत भएकोमा छलफल पश्चात सर्वसम्मत अनुमोदन भई गाउँसभामा पेश भएकोमा गाउँसभाबाट समेत यस नरहरिनाथ गाउँपालिकाको प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

साथै, यस नरहरिनाथ गाउँपालिका वडा नं २ मा प्रस्तावित औद्योगिक ग्राम निर्माणको कार्यलाई अगाडी बढाउन औद्योगिक ग्राम प्रस्तावित क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने ( वातावरण संरक्षण ऐन- २०७६ र नियमावली- २०७७ तथा औद्योगिक ग्राम घोषणा तथा संचालन कार्यविधि- २०७५) र सो प्रयोजनका लागि ईन्जिनियरिङ्ग रिसोर्स मल्टीपर्पोज्ड कन्सल्टेन्सी प्रा. लि. बीच परामर्श सम्झौता भएको हो। प्रारम्भिक वातावरणीय प्रतिवेदनका सम्पूर्ण चरणहरु पुरा गरे पश्चात कार्यपालिकामा प्रस्तुत भई सर्वसम्मत अनुमोदन भई गाउँसभाबाट पनि अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

## निर्णय नं. ६

प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस नरहरिनाथ गाउँपालिकाको आ. व. २०८०/०८१ मा (ठेक्का नं NNRM/NRMABCW/NCB/04/2080/081 र मिति २०८०/०९/०८ ) नरहरिनाथ गाउँपालिकाको प्रशासनिक भवनको ठेक्का सम्झौता भई निर्माणाधिन रहेको र खरिद सम्झौताका बखत पूर्वानुमान गर्न नसकिएकाले सार्वजनिक खरिद ऐन २०६३ (संशोधंन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ मा खरिद सम्झौताका कार्यान्वयनको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितमा भएमा सोको स्पष्ट कारण खुलाई १५ प्रतिशत सम्मको भेरिएसन आदेश गाउँकार्यपालिकाले जारी गर्न सकिने व्यवस्था बमोजिम ११.७७ प्रतिशतको प्राविधिक प्रतिवेदनका आधारमा भेरिएसन आदेश जारी गर्ने कार्यपालिकाको सर्वसम्मत निर्णयलाई १५ औं गाउँसभाको बैठकले अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

## निर्णय नं. ७

प्रस्ताव नं. ७ माथी छलफल गर्दा यस नरहरिनाथ गाउँपालिकाले आ. व. २०८०/०८१ मा गाउँपालिकाको आफ्नै प्रयासमा यहाँका ग्रामिण समुदायको समृद्धिको प्रमुख आधारको रुपमा रहेको कृषि र पशुपालन क्षेत्रको विकास मार्फत खाद्य तथा पोषण सुरक्षा र दिगो आयआर्जन संबद्ध उपायहरु अवलम्वन गरी रोजगारीका अवसर सृजना गर्ने तर्फ केन्द्रित छ। यस तर्फ अग्रसर हुनका लागि दीर्घकालिन सोच निश्चित समयसिमा भित्र हाँसिल गर्न सकिने लक्ष स्पष्ट उदेश्य लक्षित कार्यक्रम अपेक्षित उपलब्धी तथा प्रतिफल हाँसिल गर्न आवश्यक पर्ने कार्यनीति तथा प्राथमिकताहरुको पहिचान र यथार्थमा आधारित नरहरिनाथ गाउँपालिकाको कृषि विकास योजना तर्जुमा गर्नका लागि गाउँपालिकाबाट प्रस्ताव माग भएकोमा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भुगोल ईन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा. लि. बीच सम्झौता भई कार्यदिश पश्चात सन्दर्भ सर्तहरु (TOR) मा उल्लेखित सम्पूर्ण चरहरु पुरा गरी नरहरिनाथ गाउँकार्यपालिकामा समेत पेश भएकोमा गाउँकार्यपालिकाले अनुमोदन गरेको छ। अनुमोदित कृषि विकास योजना तर्जुमा रणनीतिलाई मिति २०८१/०३/१० गतेको गाउँसभामा पुनः छलफल गर्दा गाउँसभा मार्फत अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

प्रस्ताव नं १ देखि ८ सम्मका निर्णयहरु प्रमाणीकरण गरिन्छ।

CamScanner

बैठक संख्यां १ मिति:२०८१/०३/१०

निर्णय नं. ८

प्रस्ताव नं ८ माथि छलफल गर्दा यस नरहरिनाथ गाउँपालिकाको आ.व २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा तपिसल बमोजिमका क्षेत्रहरुलाई प्राथमिकरण गरि बजेट बिनियोजन गर्ने निर्णय सर्वसम्वत पारित गरियो ।

१. पूर्वाधार विकास
२. शीक्षा क्षेत्रको विकास
३. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम
४. गरिबि न्यूनिकरण कार्यक्रम
५. रोजगार तथा सीपमुलका कार्यक्रम
६. ऊर्जा क्षेत्र विकास कार्यक्रम
७. दिगो स्रोत संरक्षण कार्यक्रम
८. शासकीय सुधार कार्यक्रम
९. खानेपानी सरसफाई क्षेत्र विकास कार्यक्रम
१०. भू-तथा जलाधार विकास क्षेत्र कार्यक्रम
११. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको क्षेत्र
१२. असमानता न्यूनिकरण विकास कार्यक्रम

जगेन्द्र बहादुर बिष्ट
अध्यक्ष

CamScanner